नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २३२ २०८१ साल बैशाख ७ गते शुक्रबार (19 Apr. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशका मुख्यमन्त्री.. ३ पृष्ठमा : सार्वजनिक लेखा समितिका ... ३ पृष्ठमा लोकसभा निर्वाचनको तयारीमा ...

## सार्वजनिक बिदाका दिनहरुमा पनि नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी सम्बन्धी सेवा प्रवाह हुने




**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले २०८१ साल बैशाख महिनादेखी सार्वजनिक बिदाको दिनहरुमा पनि आफ्नो अतिआवश्यक सेवा प्रवाह गर्ने भएको छ ।

प्रशासकीय अधिकृत भिमराज बस्नेतद्वारा बिहीबार जारि सूचनामा २०८१ साल बैशाखदेखी चैतमसान्त सम्ममा विभिन्न १६ दिनको सार्वजनिक बिदामा नागरिकता सम्बन्धी, राष्ट्रिय परिचयपत्र सम्बन्धी र राहदानी सम्बन्धी सेवा प्रवाह गर्ने उल्लेख छ ।

जारि सूचना बैशाख ५ गते रामनवमी, जेठ १० गते चण्डी पूर्णिमा (बैशाख पुर्णि) बृद्ध जयन्ती, उभौली पर्व, जेठ १५ गते गणतन्त्र दिवस, भदौं ३ गते रक्षाबन्धन, भदौं १० गते श्रीकृष्ण जन्माष्टमी, असोज १७ गते घटस्थापना, मंसिर ३० गते धान्य पूर्णिमा, उधौली पर्व, योमरी पुन्हि (ज्यापु दिवस), पुस १० गते क्रिसमस डे, पुस १५ गते तमु ल्होसार, माघ १ गते माघी पर्व/माघे संक्रान्ति, माघ १६ गते सहिद दिवस, माघ १७ गते सोनजम ल्होसार, फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन १४ गते महाशिवरात्री, फागुन १६ गते ग्याल्पो ल्होसार र मिति निर्धारण नभएको ईद र बकर ईद पर्वमा ती तीनै वटा सेवाहरु प्रवाह हुने जनाइएको छ ।

## छिन्नमस्तामा डिजिटल माटो परीक्षण प्रयोगशाला संचालन हुने



**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाले डिजिटल माटो परीक्षण प्रयोगशाला संचालन गर्ने भएको छ ।

कृषिलाई आधुनिकीकरण गरि

*बाँकी दुई पृष्ठमा*

## जग्गा कित्ताकाट प्रकृया सुरु गर्न माँग गर्दै ध्यानाकर्षण पत्र




**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

नक्सा सहित भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि प्रतिवेदन बुझाई सक्दा पनि जग्गा कित्ताकाट प्रकृया सुरु गर्न ढिलाई भएको भन्दै विहीवार भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाइएको छ ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवको नेतृत्वमा दुबै कार्यालयका प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाइएको हो ।

भू-उपयोग (पहिलो संसोशधन) नियमावली २०८० मा भू-उपयोग क्षेत्र तथा विवरण अधावधिक गर्नू पर्ने ब्यवस्था छ ।

यस्तै सोही ऐनमा सो मध्ये कुनै एक भु-उपयोग क्षेत्रको नक्शा वा विवरण अधावधिक गर्न बाँकि रहेता पनि वर्गीकरण भएको क्षेत्रमा यस नियमावलीको अधिनमा रही कित्ताकाट गर्न सकिने उल्लेख छ । तर, सो अनुसारको प्रकृया अघि बढाउन नापी र भूमिसुधार तथा मालपोत कार्यालयले ढिलाई गरे पछि ध्यानाकर्षण पत्र बुझाइएको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले बताए ।

उनले गाँउपालिका भित्र रहेको स्थानीयको आवश्यक्ता, नापी विभागबाट प्राप्त विवरण तथा भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड २०८० लाई आधार लिई गाउँकार्य पालिकाबाट समेत निर्णय गरीएको पत्र सहित तत्काल कित्ताकाट सुरु गर्न ध्यानाकर्षण पत्र बुझाइएको उनले बताए ।

उनले गाउँपालिका क्षेत्र भित्रका कृषि, आवसिय, व्यवसायीक, औधोगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल,

*बाँकी दुई पृष्ठमा*

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

# Wisdom School

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

**गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### "स्वच्छ हराभरा" परि कल्पनालाई साकार पारौं

राजविराज नगरपालिकाको "स्वच्छ हराभरा नगरपालिका" को परिकल्पनालाई साकार पार्न सकारात्मक रुपमा लाग्नु पर्ने अवस्था रहेको छ। स्थानियहरुको सहयोगमा मात्र यो परिकल्पानाले एउटा मुर्त रुप दिन सक्ने विश्वास गर्न सकिन्छ। नगरको सरसफाई, बिजुली बत्ति, सवारी पार्किङमा पहिलेको भन्दा निकै सुधार भएको छ। यस बाहेक बजार र हटिया ब्यवस्थापनमा र सडकहरुको अवस्थामा सुधार समेत आउन थालेको छ। अव्यवस्थित तरिकाले बनिरहेको घरहरुलाई व्यवस्थित गर्ने बारे पनि नगरपालिका लागि परेको छ। तर यसमा निकै ध्यान दिनुपर्नेमा केही हेलचक्राई भएको देखिन्छ। यता सहरको मुख्य चौकहरुमा फुटपाथलाई पसलेहरुले कब्जा गरेर नीजि प्रयोग गर्दैआइरहेकोप्रति पालिकासँगै स्थानियहरुले पनि खबरदारी गर्नु उत्तिकै जरुरी छ। माथि उल्लेखित कार्यहरुमा ध्यान दिन सके पक्कै पनि नगरपालिका आफ्नो परिकल्पनालाई साकार पार्न सक्छ।

तसर्थ मुलुककै पहिलो टाउन प्लानिङ्ग राजविराज नगरपालिकालाई स्थानियवासीको सहयोग अति आवश्यक रहेकोले सबै यसप्रति सकारात्मक हुनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेशका मुख्यमन्त्री यादवद्वारा मन्त्रिपरिषद् विस्तार

महेन्द्रनगर (धनुषा) ६ वैशाख (रासस)। मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बिहीबार मन्त्रिपरिषद् विस्तार गर्नुभएको छ।

चौथो पटक विश्वासको मत लिएपछि मुख्यमन्त्री यादवले तीन मन्त्री र एक राज्यमन्त्री थप गरी मन्त्रिपरिषद् विस्तार गर्नुभएको हो।

नवनियुक्त मन्त्रीमा भरतप्रसाद साह विनाविभागीय, युवराज भट्टराई उद्योग वाणिज्य तथा पर्यटन, बेची लुङ्गेलीले विनाविभागीय मन्त्रीको जिम्मेवारी प्राप्त गर्नुभएको छ। त्यस्तै गृह, सञ्चार तथा कानुन मन्त्रालयको राज्यमन्त्रीको जिम्मेवारी शारदा थापाले प्राप्त गर्नुभएको छ।

साह र भट्टराई नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का हुनुहन्छ भने लुङ्गेली नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) र थापा नेपाल कम्युनिष्ट पार्टी ( एमाले)का प्रदेशसभा सदस्य हुनुहुन्छ।

नवनियुक्त मन्त्रीहरुले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीबाट बिहीबारै पद तथा गोपनीयताको सपथ लिनुभएको छ। राज्यमन्त्री थापाले भने मुख्यमन्त्री यादवबाट सपथ लिनुभएको छ।

# जलिरहेको अवस्थामा युवतीको शव बरामद

**दैनिक समाचारदाता**
**धनुषा, ६ वैशाख।**

जनकपुरधाम उपमहा नगरपालिका-१६ कपिलेश्वरमा बुधबार जलिरहेको अवस्थामा एक युवतीको शव फेला परेको छ।

राति करिब ९ बजे आसपासमा युवतीको शव जलिरहेको फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिएका छन्।

उनका अनुसार युवतीको शव नजिकै एक बालिकाको पनि जीवितै उद्धार गरिएको थियो। "स्थानीयले खबर गरेपछि कपिलेश्वर महादेव मन्दिरदेखि अन्दाजी पाँच सय मिटर दक्षिणतर्फ पोखरीको छेउमा एक युवतीको जल्दै गरेको शव र अन्दाजी आठ महिनाको बालिकाको जीवितै उद्धार गरिएको छ", उनले भने।

उनका अनुसार जीवितै उद्धार गरिएकी बालिकाको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ।

मृत्यु हुने युवती महोत्तरी मनरासिसवाका अन्दाजी २२ वर्षीय प्रियंका महतोको रहेको डिएसपी अवाले बताए। युवतीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ। घटनाबारे अनुसन्धान भइरहेको छ प्रहरीले जनाएको छ।

### छिन्नमस्तामा ...

उत्पादन बढाउने उद्देश्यले गाउँपालिकाले पालिका भित्र सो डिजिटिल सोइल म्यापिङ्ग (कम्प्युटरमा आधारित माटो नक्सांकन) कार्यक्रम गर्न लागेको हो।

माटो प्रयोगशाला राजविराजको सहकार्यमा उक्त कार्यक्रम पालिकाको सातवटै वडामा आयोजना गर्न लागेको पालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिएका छन्।

पहिलो चरणमा पालिकाको ७ वटै वडामा रहेको कुल कृषि योग्य जग्गाको नक्सांकन गरिने अध्यक्ष चौधरीको भनाई छ। 'म्यापिङ्ग गरे पश्चात जग्गाहरूको फोसफोरस, पोटास, नाइट्रोजन, ओरगेनिङ्ग मेटर, टेक्सटल, जमिनहरुको किसिम लगायतको विषयबस्तुको डाटा पाउँछौं,' अध्यक्ष चौधरीले भने, 'कुन जग्गाको अवस्था के छ, कुन जग्गामा मल खाद्यको लागि के रणनीति बनाउनुपर्छ थाहा हुन्छ।'

उनले यो कार्यले सन्तुलित मलखाद्यको प्रयोग हुने र कृषि उत्पादन बढाउन तथा विषादीरहित उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

### जग्गा कित्ताकाट ...

सिमसार, पुरातात्विक महत्व लगायतका क्षेत्रको परामर्शदाता कम्पनी वियोङ्ग इमाजिलेशन कन्सट्रक्सन प्रा.लि.को सहयोगमा वर्गीकरण कार्य सकिएको र सोको प्रतिवेदन समेत बुझाएको लामो समय वितिसक्दा पनि जग्गा कित्ताकाट प्रकृया सुरु नहुदा समस्या भएको बताए।

ध्यानाकर्षण पत्र बुझ्दै सम्बन्धित कार्यालयका प्रमुखहरुले भू-उपयोग नियमावलीको परिधिमा रही छिट्टै जग्गा कित्ताकाट प्रकृया सूरु गर्ने आश्वासन दिएको रुपनी गाउँपालिकाले जनाएको छ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी**




जनहितका लागि जारि सन्देश
राजगढ गाउँपालिकाको कार्यालय, नर्घो, सप्तरी

# सार्वजनिक लेखा समितिका सदस्यद्वारा हुलाकी सडकको अनुगमन

वीरगञ्ज (पर्सा), ६ वैशाख (रासस)।

प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका सदस्यले राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत हुलाकी सडक आयोजनामा भएको ढिलासुस्तीसम्बन्धी स्थलगत अनुगमन थालेको छ।

प्रतिनिधिसभाका सांसद तथा सार्वजनिक लेखा समितिका सदस्य रामकृष्ण यादवको संयोजकत्वमा आठ सदस्यीय टोलीले मधेस प्रदेशमा पर्ने हुलाकी राजमार्गको स्थलगत अनुगमन थालेको हो।

यही वैशाख ४ गतेदेखि सुरु भएको स्थलगत अनुगमन ७ गतेसम्म जारी रहने स्थलगत अनुगमन समितिका संयोजक रामकृष्ण यादवले जानकारी दिनुभयो। उहाँले प्रदेशमा राजमार्गको प्रारम्भिक स्थलगत अनुगमनका क्रममा जिल्लैपिच्छे फरक-फरक मापदण्डका आधारमा निर्माण भइरहेको पाइएको बताउनुभयो।

"हामीले वैशाख ४ गतेदेखि मधेस प्रदेशको सप्तरी र सुनसरीको सिमानामा पर्ने कञ्चनपुरबाट स्थलगत अनुगमन थालेका छौँ", संयोजक यादवले भन्नुभयो, "सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, पर्सालगायत जिल्लाको अनुगमन गरिसकेका छौँ। अझै दुई जिल्लाको अनुगमन गर्न बाँकी छ।"

संयोजक यादवले स्थलगत अनुगमनका क्रममा राष्ट्रिय गौरवको सूचीमा रहेको हुलाकी सडकको निर्माण कछुवाको गतिमा भइरहेको बताउनुभयो। "उक्त सडक निर्धारित समयभित्रै सम्पन्न नहुँदा सर्वसाधारणले दुःख पाइरहेका छन्", उहाँले भन्नुभयो, "सडक समयमै निर्माण नहुँदा मुलुकको आर्थिक, सामाजिक तथा धार्मिक उद्देश्य प्राप्त गर्न सकिएको छैन।"

सासंद यादवले राजमार्ग निर्माणका लागि एउटै मापदण्ड भए पनि जिल्लापिच्छे फरक-फरक मापदण्डका आधारमा काम भइरहेको भेटिएको बताउनुभयो। "अनुगमनका क्रममा हुलाकी राजमार्गअन्तर्गत प्रत्येक जिल्लामा फरक मापदण्डका आधारमा कालोपत्र गरिएको भेटेका छौँ", उहाँले भन्नुभयो, "पुल निर्माणमा पनि सबै ठाउँमा एकरुपता भेटिएको छैन। कतै एक त कतै दुई लेनको पुल निर्माण गरिएको छ।"

संयोजक यादवले प्रारम्भिक अनुगमनका आधारमा सडक कालोपत्रको काममा पनि एकरुपता नभएको पाइएको बताउनुभयो। "कुनै ठाउँमा दुई किलोमिटर सडक कालोपत्र भएको छ। सोहीसँग जोडिएको अर्को ठाउँमा एक किमी छ भने कतै त्यसै अलपत्र पारेर छाडिएको छ।"

राजमार्गको मधेस प्रदेशमा पर्ने खण्डको अनुगमन गर्नका लागि संयोजक यादवको नेतृत्वमा आठ सदस्यीय समिति गठन भएको छ। उक्त समितिमा अच्युतप्रसाद मैनाली, अमरेशकुमार सिंह, तेजुलाल चौधरी, देवप्रसाद तिमिल्सिना, प्रदीपकुमार यादव, मञ्जु खाण र मनिष झा हुनुहुन्छ।

साथै सार्वजनिक लेखासमितिका कर्मचारी पनि स्थलगत अनुगमन खटिएका छन्। स्थलगत अनुगमन समितिले राजमार्ग आयोजनाका प्रतिनिधि, निर्माण व्यवसायी तथा स्थानीय सरकारसँग आवश्यक अन्तर्क्रिया तथा छलफल कार्यक्रम गर्दै आइरहेको छ। सोही सिलसिलामा बिहीबार वीरगञ्ज महानगरपालिकाका नगर प्रमुखसहित स्थानीय प्रतिनिधिसँग पनि छलफल गरेको छ।


**वी.पी. स्मारक पब्लिक माध्यमिक विद्यालय**
हनुमाननगर कंकालिनी न.पा.-१, भारदह, सप्तरी
**मधेश प्रदेश**

पत्र संख्या :- २०८०/०८१
चलानी नम्बर :-
विद्यालय कोड नं. २ ० ० ० १
पान नं.: २०१२७२८२२
मिति: २०८१/०१/०६

विषय : शिक्षक आवश्यकता समबन्धमा।

यस वी.पी.स्मारक पब्लिक माध्यमिक विद्यालय,भारदह,हनुमाननगर-कंकालिनी न.पा.-१,सप्तरीको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१२/१९ गतेको निर्णय तथा हनुमाननगर-कंकालिनी नगरपालिकाको मिति २०८०/१२/३० को अनुमति बमोजिम यस विद्यालयमा अंग्रेजी माध्यमामा अध्यापनको लागि निजी स्रोतमा शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०१/२०) भित्र तपसिलको शिक्षक पदमा उल्लेख अनुसार रीतपूर्वको दरखास्त अव्हान गरिन्छ।

**तपसिल**

१.

| क्र.सं. | विज्ञापन नं. | तह श्रेणी | विषय | पद संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|---|
| १. | ०१/२०८०-८१ | मा.शि.तृ. | विज्ञान | १ | विज्ञान विषय लिई स्नातक तह(बि.एस्सी.)उत्तीर्ण वा सो सरह |
| २. | ०२/२०८०-८१ | मा.शि.तृ. | गणित | १ | मूल विषय गणित लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ३. | ०३/२०८०-८१ | मा.शि.तृ. | अंग्रेजी | १ | मूल विषय अंग्रेजी लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ४. | ०४/२०८०-८१ | मा.शि.तृ. | नेपाली | १ | मूल विषय नेपाली लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ५. | ०५/२०८०-८१ | मा.शि.तृ. | सामाजिक | १ | मूल विषय सामाजिक लिई स्नातक तह उत्तीर्ण वा सो सरह |
| ६. | ०६/२०८०-८१ | नि.मा.शि. | गणित | १ | गणित विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| ७. | ०७/२०८०-८१ | नि.मा.शि. | स्वास्थ्य | १ | स्वास्थ्य विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| ८. | ०८/२०८०-८१ | नि.मा.शि. | नेपाली | १ | नेपाली विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| ९. | ०९/२०८०-८१ | नि.मा.शि. | अंग्रेजी | १ | अंग्रेजी मूल विषय लिई +२ उत्तीर्ण वा सो सरह |
| १०. | १०/२०८०-८१ | प्रा.शि. | - | ६ | +२ उत्तीर्ण वा सो सरह |

२.उमेरको हदः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
३. संलग्न राख्नु पर्ने कागजातहरु : - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान १।
- अध्ययापन अनुमतिपत्रको प्रतिलिपी थान १ (विज्ञान पदको लागि अनिवार्य हुने छैन्।)
- फोटो (पासपोर्ट साइज) थान २।
- आफुले हासिल गरेको योग्यता प्रमाणपत्रको प्रतिलिपी १/१ थान।

४. छनौटको किसिम : लिखित , अन्तर्वार्ता र कक्षा अवलोकन।
५. सम्पर्क मिति : २०८१/०१/१८ गते कार्यालय समय भित्र।
६. दरखास्त दिने स्थान : वी. पी. स्मारक पब्लिक माध्यमिक विद्यालय भारदह
७. पाठ्यक्रम : शिक्षक सेवा आयोगले तोके अनुसार।
८.परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।
९. तलब स्केल : निजी स्रोत शिक्षक छनौट कार्यविधि- २०८० अनुसार।
१०.आवेदन दस्तुर : मा.शि.- रु.१०००/ नि.मा.शि. - रु.७५०/ प्रा.शि. - रु.५००/
११.थप जानकारीको लागि सम्पर्क नं. ९८६२८६६३६५

२०८१/०१/०६
प्रधानाध्यापक
**प्रधानाध्यापक**
वी.पी.स्मारक पब्लिक मा.वि. भारदह, सप्तरी







## विश्व समाचार

### लोकसभा निर्वाचनको तयारीमा राजनीतिक दल, उम्मेदवार र निर्वाचन कार्यालय

नयाँदिल्ली, ६ वैशाख (रासस/एएनआई)।

भारतको विभिन्न प्रान्तमा हुने लोकसभा निर्वाचनको तयारी तीव्ररुपमा भइरहेको छ। लोकसभा चुनावको पहिलो चरण यही अप्रिल १९ मा सुरु हुँदैछ।

निर्वाचनको प्रतिस्पधामा होमिएका दल र उम्मेदवारले आफ्नो पक्षमा जीत हासिल गर्न अनेक मेहनत गरिरहेका छन् भने निर्वाचन व्यवस्थापनसम्न्धी निकायले सुरक्षा र अन्य व्यवस्थापकीय तयारी जारी राखेको छ।

**उत्तराखण्डमा हेलिकप्टरको प्रबन्ध**

निर्वाचनअन्तर्गत उत्तराखण्डमा सुरक्षित निर्वाचन सुनिश्चित गर्न हेलिकप्टरको प्रबन्ध गरिएको छ। उत्तराखण्डका अतिरिक्त मुख्य निर्वाचन अधिकारी विजयकुमार जोगदण्डेले सबै पाँच लोकसभा स्थानका लागि हुने निर्वाचनको मतदान केन्द्रमा भइरहेका तयारीबारे जानकारी दिँदै आपत्कालीन सेवाका लागि दुईवटा हेलिकप्टरको व्यवस्था गरिएको जानकारी दिनुभयो। उहाँले यपटकको मतदान हिंसा वा हताहतमुक्त हुने र कुनै आपतकालीन अवस्था नआउने बताउनुभयो।

"एउटा हेलिकप्टर गढवालमा र अर्को खकुमाउमा तैनाथ गरिने र तिनलाई आपतकालीन उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ। यसपटकको मतदान हताहत वा हिंसामुक्त हुनेछ, कुनै आपतकालीन अवस्था आउने छैन।'' जोगडाँडेले भन्नुभयो।

पहाडी प्रदेशमा मतदाताको सहभागिता बढाउन राज्यभर ११ हजारभन्दा बढी मतदान केन्द्र स्थापना गरिने भएको छ। यसैबीच, उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले बुधबार नैनीतालमा पत्रकारहरूसँग कुरा गर्दै लोकसभा चुनावमा ठूलो संख्यामा सहभागी हुन मतदाताहरूलाई आग्रह गनुभएको छ।

**पूर्व मुख्यमन्त्री रावतर हरिद्वारमा पूर्व मुख्यमन्त्रीका छोराबीच प्रतिस्पार्धा**

हरिद्वार र उत्तराखण्डको अन्य चार लोकसभा निर्वाचन क्षेत्रहरूमा अप्रिल १९ मा आम चुनावको पहिलो चरणमा मतदान हुनेछ।

यस क्षेत्रमा भारतीय जनता पार्टीका नेता तथा उत्तराखण्डका पूर्व मुख्यमन्त्री त्रिवेन्द्र सिंह रावत र उत्तराखण्डका पूर्व मुख्यमन्त्री हरिश रावतका छोरा कांग्रेसका वीरेन्द्र रावतबीच प्रतिस्पर्धा हुने भएको छ।

हरिद्वार संसदीय क्षेत्र कुल १४ विधानसभाहरू मिलेर बनेको छ। बिजेपीले सन् २०१९ र २०१४ को लोकसभा चुनावमा हरिद्वारका सबै सीटमा जित हासिल गरेको थियो।

उत्तराखण्डमा परम्परागत रूपमा भाजपा र कांग्रेसबीच कडा प्रतिस्पर्धा देखिएको छ। दुवै पार्टीले राज्यलाई आफ्नो राष्ट्रिय सङ्कल्प अनुसार सञ्चालन गर्न आवश्यक युद्धभूमिको रूपमा हेर्छन्।

सोनितपुर जिल्ला निर्वाचन कार्यालयले बिहीबार पहिलो चरणको निर्वाचनका लागि मतदान कर्मचारीहरूलाई आ आफ्नो मतदान केन्द्रहरूमा पठाएको छ। डिब्रुगढ, जोरहाट, लखिमपुर, सोनितपुर र काजिरंगामा पहिलो चरणको निर्वाचन अप्रिल १९ मा हुँदैछ।

**मतदान कर्मचारी र सुरक्षाकर्मी खटिए**

सोनितपुर संसदीय क्षेत्रका लागि बिहीबार असमको सोनितपुरको दराङ कलेजबाट मतदान टोली र सुरक्षाकर्मी पठाउन थालिएको छ।

अतिरिक्त जिल्ला आयुक्त कविता काकती कोनवरले सोनितपुर आवश्यक मतदान कर्मचारीहरू मतदानमा संलग्न हुने जानकारी दिनुभयो।

उक्त जिल्लामा करिब एक सय ५० महिला मतदान केन्द्रहरू छन्। सबै निर्वाचन क्षेत्रहरूमा पर्यवेक्षकहरू राखिएकाले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने विश्वास दिइएको छ।

### ज्वालामुखी विस्फोट हुँदा ११ हजारभन्दा बढी विस्थापित

जकार्ता (इन्डोनेसिया), ६ वैशाख (रासस/एएनआई)।

इन्डोनेसियाको उत्तरी सुलावेसी प्रान्तमा ज्वालामुखी विस्फोट हुँदा ११ हजारभन्दा बढी विस्थापित मानिसलाई सुरक्षित स्थानमा सारिएको अल जजिराले बिहीबार जनाएको छ।

माउन्ट रुआङमामङ्लबार एक पटक तथा त्यसपछि बुधबार चार पटक विस्फोट भएको थियो। इन्डोनेसियाको ज्वालामुखी विज्ञान एजेन्सीले पर्वतको सतर्कता स्तर बढाएर चार पुर्याएको छ, जुन मापनमा सबैभन्दा उच्च सात सय मिटरअग्लो छ।

एजेन्सीले क्रेटर वरपरको बहिष्करण क्षेत्रको आकार चारदेखि छ किलोमिटरसम्म विस्तार गरेको छ। सुरुमा रुआङका आठ सयभन्दा बढी बासिन्दाहरूलाई टागुलान्डाङ टापुमा सारिएको थियो। अधिकारीहरूले बढ्दो बहिष्करण क्षेत्रका कारण थप मानिसहरूलाई बाहिर निकाल्न र मनाडोमा ल्याउनुपर्ने बताएका छन्।

"जोखिम क्षेत्रका कम्तिमा ११ हजार छ सय १५ बासिन्दाहरूलाई सुरक्षित स्थानमा सार्नुपर्छ'', विपद् एजेन्सीको विपद् डाटा, सञ्चार र सूचना केन्द्रका प्रमुख अब्दुल मुहारीलाई कोम्पास अखबारले उद्धृत गरेको अल जजिराले जनाएको छ।

अधिकारीहरूसन् १८७१ मा भएको विस्फोटमा जस्तै, ज्वालामुखीको एक भाग समुद्रमा खसेको हुन सक्ने र सुनामी निम्त्याउन सक्ने कुरामा चिन्तित छन्।

मनाडोको साम रतुलाङ्गी अन्तर्राष्ट्रिय विमानस्थल कम्तिमा बिहीबार साँझसम्म बन्द रहनेछ। उड्डयन अधिकारीहरूका अनुसार ज्वालामुखीको खरानी फैलिएको कारण, जसले उडान सुरक्षालाई खतरामा पार्न सक्ने छ।

विमानस्थलले दक्षिण कोरिया, चीन र सिङ्गापुर लगायत अन्य राष्ट्रहरूका लागि उडानहरू प्रदान गर्दछ। नजिकैको मलेसियाको कोटा किनाबालु अन्तर्राष्ट्रिय विमानस्थल जाने र जाने उडानहरूमा पनि गम्भीर अवरोध आएको छ।

चालु हप्तामा दुईवटा भूकम्पपछि, देशको ज्वालामुखी विज्ञान सेवाका अनुसार माउन्ट रुआङको गतिविधिमा वृद्धि देखिएको छ।

# दिप प्रज्वलन गरि नेवि संघले मनायो स्थापना दिवस



**दैनिक समाचारदाता राजविराज, ६ बैशाख ।**

नेपाल विद्यार्थी संघ सप्तरीले आफ्नो ५५ औं स्थापना दिवसको अवसरमा दिप प्रज्वलन गरेको छ ।

राजविराजस्थित जनआन्दोलन चौकमा बिहीबार साँझ उक्त दिप प्रज्ववलन गरि स्थापना दिवस मनाइएको हो ।

नेपाल विद्यार्थी संघ सप्तरीका जिल्ला उपसभापति नितेश यादवको नेतृत्वमा नेबि संघका केन्द्रिय सदस्य तिर्थ नारायण दास, नेपाली काँग्रेस सप्तरीका प्रबक्ता नन्दकिशोर यादव, नेवि संघका पूर्वसचिव तथा राविनपाका वडा सदस्य रमानन्द देव, नेपाल तरुण दलका केन्द्रिय सदस्य घनानन्द यादव, विद्यार्थी नेताहरु केशव, मनोज, शशांकलगायतको उपस्थिति रहेको थियो ।

## माईग्रेशन सर्टिफिकेट हराएको सुचना

मिति २०८०/१२/३० गते सप्तरीको कल्याणपुर देखी राजविराज जाने क्रममा मेरो +२ को माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा सम्पर्क नः ९८१९९२६६३३ मा सम्पर्क गरी बुझाईदिन हुन अनुरोध छ ।

**नाम :** नुरी खातुन **सिम्बोल नः** २१६०१६९९ **रजिष्ट्रेशन नः** ७८२१६००६००७५

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**तिरहुत गाउँपालिकाको कार्यालय, गोइठी, सप्तरी**

# रासस स्थानीय सरकारसँग सहकार्य गर्न तयार छ : अध्यक्ष झा

बोदेबर्साइन (सप्तरी), ६ वैशाख (रासस) ।

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले रासस स्थानीय सरकारहरुसँग मिलेर काम गर्न तयार रहेको बताउनुभएको छ ।

बिहीबार यहाँको बोदे बर्साइन नगरपालिका आइपुग्नुभएका अध्यक्ष झा र सो नगरपालिकाका प्रमुख आतेशकुमार सिंहबीच भएको कुराकानीकाक्रममा रासस र स्थानीय सरकारबीच सहकार्य गर्न सकिने बताउनुभएको हो ।

सो अवसरमा नगर प्रमुख सिंहले नगरपालिका राससको विकासका लागि सक्दो सहयोग गर्न तयार रहेको बताउनुभएको थियो ।

उहाँले राससले जनतालाई सुसूचित गराउन निर्वाह गरिरेहेको भूमिकाको प्रशंसा गर्नुभयो । सङ्घीयता कार्यान्वयनको सन्दर्भमा राससले खेलेको भूमिका प्रशंसनीय रहेको भन्दै प्रमुख सिंहले राससँग सहकार्य गर्न आफू तयार रहेको बताउनुभयो ।

त्यस अवसरमा अध्यक्ष झाले राससले स्थानीय सरकारबाट सहयोगको अपेक्षा गरेको जानकारी दिनुभएको थियो । राससले विभिन्न नगरपालिकासँगको सहकार्यमा मुलुकका राष्ट्रिय भाषामा समाचार सम्प्रेषण गर्ने गरिरहेको छ ।




**जनहितका लागि जारि सन्देश**

**महादेवा गाउँपालिकाको कार्यालय, सप्तरी**

# बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइँदै

काठमाडौं, ६ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागले बिहीबार र शुक्रबार पाँच वर्ष मुनिका बालबालिकाका लागि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गरिरहेको छ ।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका र जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइँदैछ ।

विभागका पोषण शाखा प्रमुख लीलाविक्रम थापाले करिब ३२ लाखलाई भिटामिन ए र करिब २९ लाख बालबालिकालाई जुकाको औषधि खुवाउने योजना रहेको जानकारी दिनुभयो ।

"हरेक वडामा स्वास्थ्य स्वयंसेविकाहरूले बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाउने छन्", उहाँले भन्नुभयो, "अभिभावकले आफ्ना बालबालिकालाई पायक पर्ने ठाउँमा लगेर भिटामिन ए र जुकाको औषधि खुवाउन सक्नुहुन्छ ।"

कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिएका थापाले जानकारी दिनुभयो । सरकारले प्रत्येक वर्ष कात्तिक र वैशाखमा बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि निःशुल्क खुवाउने गरेको छ । भिटामिन र जुकाको औषधिले स्वास्थ्य जटिलता र कुपोषणको जोखिम न्यूनीकरण गर्ने स्वास्थ्य सेवा विभागले जनाएको छ ।




**जनहितका लागि जारि सन्देश**

**तिरहुत गाउँपालिकाको कार्यालय, गोइठी, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*